# हस्तकलाका लागि ४ करोड बजेट माग

**हिमालय टाइम्स**
**काठमाडौं ।** नेपाल हस्तकला महासंघले हस्तकला व्यवसाय प्रवर्द्धनका लागि प्रदेश सरकारसँग झण्डै ४ करोड रुपैयाँ बजेट विनियोजन गर्न माग गरेको छ । महासंघले वागमती प्रदेश सरकारसँग ३ करोड ८८ लाख ७७ हजार रुपैयाँ माग गरेको हो । महासंघ वागमती प्रदेशका सांसदहरूसँग बजेटका लागि आवश्यक लविङ गरिदिन आग्रहसमेत गरेको छ ।

वागमती प्रदेशका सांसदसँगको अन्तरक्रिमा हस्तकला महासंघका पूर्वअध्यक्ष धर्मराज शाक्यले प्रदेशस्तरीय हस्तकलाको बजारीकरण, हस्तकला बजार तथा पर्यटकीय स्थानमा कोसेली घर, प्रदेशका १३ वटै जिल्लामा स्थानीय कच्चा पदार्थको पहिचान गरी हस्तकलाजन्य बस्तु तयार गर्न व्यावसायिक एवं रोजगारीमूलक तालिम र हस्तकला व्यापारमेलाका लागि उक्त बजेट खर्च गरिने बताउनुभयो । प्रदेश सांसदहरूले भने अल्पकालीनभन्दा पनि दीर्घकालीन योजन बनाएर बजेटको माग गर्न सुझाव दिनुभएको थियो । सानातिना खुद्रे कार्यक्रमले हस्तकलाको प्रवर्द्धन हुन नसक्ने भन्दै हस्तकलाग्राम, हस्तकलाका लागि छुट्टै औद्योगिक क्षेत्र आवश्यक रहेको उहाँहरूको भनाइ थियो ।

# आनको वार्षिकोत्सवमा रक्तदान

**हिमालय टाइम्स**
**काठमाडौं ।** नेपाल विज्ञापन संघ (आन)ले शुक्रबार आफ्नो ३०औँ वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सवको अवसरमा नेपाल मेडिसिटी अस्पतालसँगको सहकार्यमा सचिवालय परिसर शान्तिनगरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ । काठमाडौं महानगरपालिका ३१ का वडाअध्यक्ष नारायणप्रसाद भण्डारीले रक्तदान कार्यक्रम उद्घाटन गर्नुभयो । उहाँले आनले कोविड १९ का कारण असहज परिस्थितिबीच पनि रक्तदान कार्यक्रम आयोजना गरी सामाजिक दायित्व पूरा गरेकोमा प्रशंसा गर्नुभयो । योगिक समाज नेपालका अध्यक्ष पुरुषोतम अधिकारीले योग ध्यान र खानपानमा ध्यान पुऱ्याउन सके कोविड-१९बाट जोगिन सकिने बताउनुभयो । आनका अध्यक्ष रवीन्द्रकुमार रिजालले कोविड १९ बीच पनि जनहितका यस्ता कार्यक्रम गर्न पाउँदा खुशी लागेको बताउनुभयो । रक्तदानमा ३० पिन्ट रगत संकलन भएको आनले जनाएको छ ।

## १० अर्बको...

शुक्रबार काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा सामाजिक दूरी कायम गर्दै भेला भएका उनीहरूले कोरोना नियन्त्रणमा खर्च गरिएको रकम कहाँ-कहाँ खर्च भएको हो भन्दै सार्वजनिक गर्न सरकारसँग माग गरे । उनीहरूले कोरोना रोकथाम र नियन्त्रणमा सरकारले प्रभावकारी भूमिका खेल्न नसकेको आरोप लगाएका छन् ।

शुक्रबार प्रदेश ५ को अस्थायी राजधानी बुटवल तथा व्यापारिक केन्द्र भैरहवामा पनि प्रदर्शन भएको छ । प्रदर्शनमा उत्रिएकाहरूले कोरोना भाइरस (कोभिड-१९) को रोकथाममा सरकार संवेदनशील नभएको, क्वारेन्टिन, आइसोलेशन मापदण्ड विपरित भएको जिकिर गर्दै सरकारले १० अर्ब खर्च भयो भन्नु आफूहरूका लागि अपत्यारिलो भएको जनाए । सो रकममा व्यापक घोटाला भएको हुनसक्ने उनीहरूको आँकलन छ ।

कोरोना परीक्षणका लागि आरडिटी विधि विश्वसनीय नभए पनि सरकारले सोही विधिबाट परीक्षणका लागि सामग्री खरिद गरेको, पिसीआर प्रविधिमा जोड दिन नसकेको उनीहरूको आरोप छ । प्रदर्शनकारीले एमसीसी सम्झौता खारेज गर्न पनि माग गरेका छन् ।

शुक्रबार सरकारविरुद्ध धुलिखेल, भक्तपुर, कीर्तिपुर, गोरखा, तनहुँ, पाल्पा, हेटौंडा उदयपुर, कैलाली, चितवनलगायतका जिल्लामा पनि प्रदर्शन भएको छ । उनीहरूले 'सय प्रतिशत पीसीआर लागु गर', 'असुरक्षित क्वारेन्टिन बन्द गर', 'नो पीसीआर, नुन-तेल-बेसार', 'खाएर बेसार हुँदैन कोरोनाको उपचार, चाहियो पीसीआर', 'कुर्सीमुनि कार्पेट, कार्पेटमुनि जनता' लगायतका नारा लगाएका थिए ।

बुधबार र बिहीबार सरकारविरुद्ध भएको प्रदर्शनमा जुटेकाहरूमाथि प्रहरीले धरपकड, लाठी प्रहार, अश्रुग्याँस र पानीको फोहोरा प्रयोग गरे पनि शुक्रबार भने शान्तिपूर्ण रुपमा प्रदर्शन भएको थियो ।

स्वास्थ्य सामग्री खरिदको ठेक्का प्रक्रिया माघमा सुरु गरे पनि सरकारले दुई महिनासम्म निर्णय नगरी सो प्रक्रिया रद्द गरेर अचानक नयाँ प्रक्रियाबाट ११ चैतमा स्वास्थ्य सामग्री खरिदको ठेक्का दिएको थियो । तर, अपारदर्शी रूपले ठेक्का दिएर भ्रष्टाचार भएको प्रश्न उठेपछि सरकारले तत्काल ओम्नीसँगको ठेक्का रद्द गरेको थियो । ठेक्का रद्द भएपछि अर्को पारदर्शी कदम अघि बढाउनुको सट्टा सरकारले स्वास्थ्य सामग्री खरिदको जिम्मा सेनालाई दिएको थियो । महामारीको बेला दुई महिना लगाएर सेनाले ल्याएको स्वास्थ्य सामग्रीको मूल्यमा पनि प्रश्न उठेको छ ।

सरकारविरुद्ध सडक प्रदर्शन बढ्न थालेपछि गृह मन्त्रालयले सार्वजनिक स्थलमा भेला भएर आन्दोलन तथा विरोधका कार्यक्रम गर्न रोक लगाइसकेको छ । मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालय र मातहत सुरक्षा निकायहरूलाई यसबारे बिहीबार निर्देशन नै दिएको छ । प्रदर्शनकारीले सरकारको निर्देशनको बेवास्ता गर्दै प्रदर्शन गरिरहेका छन् ।

आन्दोलनका नाममा नियोजित जुलुस तथा भेला हुन थालेको सरकारी निष्कर्ष छ ।


**Malika Rural municipality**
**Office of the Rural Municipal Executive**
Arkhabang, Gulmi
Province No. 5, Nepal

**Notice for Invitation of Sealed Quotations**

Date of Publication: 13th Jun, 2020 (2077/02/31)

1. Office of the Rural Municipal Executive, Malika Rural Municipality (OMRM), Arkhawang, Gulmi has received funds from Provincial Government, Province No.5 and intends to apply part funds to cover procurement and supply of laboratory tolos and equipments; and has also received funds from Government of Nepal(GON) and intends to apply funds to cover procurement and supply of solar equipments to office of Malika Rural Municipality.
2. Bidders can get further information from Office of Malika Rural Municipality, Arkhawang, Gulmi (Mob. No. 9857067906) during office hours.
3. A complete set of bidding documents in English may be purchased by the interested bidders upon submission of a written application to the OMRM Office, Gulmi and voucher of payment of a non-refundable fee (to be deposited in below mentioned bank). Bidding documents can be purchased within office hours till 27th March, 2020 (2077/03/13). (applicable for both contracts)
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of Bank: Bank of Kathmandu Ltd., Malika, Gulmi
   Name of Office: Office of the Rural Municipal Executive, Malika Rural Municipality, Arkhawang, Gulmi; Cost of bidding document = NRs. 3000.00(for each bidding document)
   Account no.: 018400000054524 (Dharauti); Account no.: 018400000051524 (Rajaswa)
4. Sealed quotations must be submitted to OMRM Office, Gulmi on or before 12:00 hrs of 28th Jun, 2020 (2077/03/14).(applicable for both contracts) Submitted bids shall be opened in the presence of interested bidders' representatives, who choose to attend in person at 14:00 hrs on 28th Jun, 2020 (2077/03/14). (applicable for both contracts)
5. Bids must be valid for a period of 45 days from bid opening date and must be accompanied by a bid security issued by "A" class commercial banks approved by Nepal Rastra Bank (conforming to standard format as specified in bid document) amounting as specified below, which shall be valid for at least 30 days beyond the validity period of bid.
6. If pre-bid meeting, last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Contract ID | Name of Project | Estimated amount without VAT (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|---|
| 1 | OMRM-GUL-G-NCB-26-076/77 | Procurement and supply of tolos and equipments required for Primary Veterinary Laboratory as per specifications to Office of Malika Rural Municipality | 7,06,710.00 | 20,000.00 |
| 2 | OMRM-GUL-G-NCB-27-076/77 | Procurement and supply of solar street lights and solar power back-up systems as per specifications to Office of Malika Rural Municipality | 9,92,061.98 | 28,000.00 |

**Chief Administrative Officer**



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**खानेपानी तथा सरसफाइ डिभिजन नं.५**
**बाग्मति प्रदेश, भक्तपुर**

**बोलपत्र स्विकृति सम्बन्धी आसयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७७।०२।३१)**

यस कार्यालयको मिति २०७६।११।२१ गते प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको आयोजना/ठेक्काको लागि E-Bdding मार्फत पेश हुन आएका बोलपत्रहरूको मूल्यांकन गर्दा तपसिल बमोजिमको निर्माण व्यवसायीको कबोल अंक न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र भएको हुँदा सार्वजनिक खरीद ऐन,२०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनौट गरी सोही दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूलाई जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :-**

| क्र. सं. | ठेक्का नं. | कार्य विवरण | बोलपत्रदाताको नाम | कबोल अंक रू.(भ्याट र पी.एस.बाहेक) |
|---|---|---|---|---|
| १. | २२/०७६-०७७, भक्तपुर | डाँछि खानेपानी गुणस्तर सुधार आयोजना, कागेश्वरी मनोहरा, काठमाण्डौमा Rapid Sand Filter / Chlorination Unit निर्माण कार्य | श्री गौतम मनि निर्माण सेवा, अत्तरपुर-९, सिन्धुपाल्चोक | रू.१,३१,००,१९१।४० |

**डिभिजन प्रमुख**



**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**
**वाग्मती प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७७/०२/३१

यस कार्यालयबाट मिति २०७७/०१/१७ राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रहरु न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनको लागि सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | निर्माण कार्यको विवरण | स्वीकृत हुने निर्माण कम्पनीको नाम | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| NCB/IRM/31/076/077 | Construction of Ichchhakamana Drinking Water Supply Project Works | अनम कन्स्ट्रक्शन प्रा.लि. भरतपुर-११, चितवन । | ४१३३५३७५६ |
| NCB/IRM/32/076/077 | Construction Of Khetbari Jholunge Pulmuni Slab Culvert Works | अन्जना निर्माण सेवा, भरतपुर-११,चितवन । | २९९२३८४।८० |
| NCB/IRM/33/076/077 | Construction of Ichchhakama Rural Municipality Office Building Work | होम निर्माण सेवा, फिनाम-७, गोरखा । | १३०५८०८९।८६ |

**प्रमुख प्रशासकीय अधिकृत**



**म्याग्दे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**छाङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*प्रकाशित मिति २०७७।०२।३०*

यस गाउँपालिका अन्तर्गतका विभिन्न सडकहरु निर्माण गर्नका लागि मिति २०७६।११।१३ र २०७६।११।३० गते प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएकाले स्वीकृत गर्ने आशयले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ तथा दफा ४७ को प्रायोजनार्थ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम र ठेगाना | कवोल अङ्क रु. (भ्याट र पि एस बाहेक) | लागत अनुमान भन्दा घटी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | 15-2076/077 | छाङ्गपाटन नयाँवस्ती झिरुवास सडक निर्माण, म्याग्दे-५ | हरिशान्ति कन्स्ट्रक्सन, ब्यास-२ | रु. २९,९६,८२५.०० (उन्नतीस लाख छयानब्वे हजार आठ सय पच्चीस रुंपैया मात्र) | ३०.२०% | |
| 2. | 16-2076/077 | थर्पु छाङ्ग हटिया मोटर मार्ग निर्माण, म्याग्दे-४ | पारस निर्माण सेवा, ब्यास-५ | रु. २९,२६,७६३.०० (उन्नतीस लाख छब्बीस हजार सात सय त्रिसठ्ठी रुंपैया मात्र) | ३१.९२ % | |
| 3. | 17-2076/077 | धयेरे किल्चोक सडक मार्ग निर्माण, म्याग्दे-३ | हरिशान्ति कन्स्ट्रक्सन, ब्यास-२ | रु. ३५,८४,८८२.०० (पैतीस लाख चौरासी हजार आठ सय वयासी रुंपैया मात्र) | ३०.५५ % | |
| 4. | 18-2076/077 | बडहरे काफ्लेथोक पाटेचौर भैंसिखर्क सिंहाले रानिटारी हुँदै सिन्धुमार्ग निर्माण, म्याग्दे-२ | पारस निर्माण सेवा, ब्यास-५ | रु. ४४,५७,८३२.७० (चवालीस लाख सन्ताउन्न हजार आठ सय वत्तीस रुंपैया सत्तरी पैसा मात्र) | २६.०७ % | |
| 5. | 19-2076/077 | गुणादी खोला दोभान ट्याम्केडाडा बाखे कुट्कुन्दी सियाले रानिटारी मार्ग निर्माण, म्याग्दे-१ | पारस निर्माण सेवा, ब्यास-५ | रु. ४३,४१,२७०.३० (त्रीचालीस लाख एक्चालीस हजार दूई सय सत्तरी रुंपैया तीस पैसा मात्र) | २७.३५ % | |
| 6. | 12-2076/077 | बडहरे माछापुच्छे बाघखोर भैसिखर्क चार हजार वाँध सडक निर्माण, म्याग्द-२ | पारस निर्माण सेवा, ब्यास-५ | रु. ५६,५८,६८३.१० (छपन्न लाख अन्ठाउन्न हजार छ सय त्रीयासी रुंपैया दश पैसा मात्र) | २६.९० % | |

**प्रमुख प्रशासकीय अधिकृत**